# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष - २, अंक - ६, आ.व. २०८२/०८३ आश्विन, २०८२

**कोशी प्रदेश सरकार**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
**विराटनगर, नेपाल**



## सम्पादकीय

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को असोज महिनासम्मको खर्चमा कमि आएको छ। यही भाद्र २३ र २४ गतेको जेन-जेड आन्दोलनले यस प्रदेशका मन्त्रालय तथा प्रमुख कार्यालयको भौतिक संरचनामा गरेको क्षतिका कारण कार्यालय संचालनमा अवरोध भई गत आ.व. २०८१/८२ को भन्दा चालु आ.व.को असोजसम्मको पूँजीगत खर्चमा समेत कमी आएको छ। संघबाट प्रदेशलाई प्राप्त हुने अनुदानमा वृद्धि भएकोले प्रदेश सञ्चित कोषमा प्राप्त हुने राजस्वमा गत आ.व.को असोज महिनासम्मको तुलनामा चालु आ.व.को असोज महिनासम्ममा केही वृद्धि भएको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन गरिनेछ। प्रदेशको समग्र आम्दानी र मन्त्रालयगत खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गरिएको छ।

प्रकाशन तथा सम्पादन
वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

## कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८२/८३ को असोज महिनासम्म जम्मा रु.२ अर्ब ८२ करोड ५५ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.१ अर्ब २९ करोड ७२ लाख र पूँजीगत खर्च रु. ६८ करोड ७५ लाख रहेको छ।

**तालिका (क) पछिल्लो तीनवर्षको असोज महिनासम्मको खर्च स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक/आ.व. | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|
| चालु खर्च | २५६६६ | २५१६३ | १२९७२ |
| पूँजीगत खर्च | ८५७२ | १०९२२ | ६८७५ |
| स्थानीय तह अनुदान | ६५७२ | ८६८२ | ८४०८ |
| जम्मा खर्च | ४०८१० | ४४७६७ | २८२५५ |
| विनियोजनको तुलनामा खर्च % | ११.२% | १२.७% | ७.८७% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. चालु आ.व. २०८२/८३ मा यस प्रदेशको कुल बजेट रु.३५ अर्ब ८७ करोड ९९ लाख रहेको छ। जसमध्ये चालु खर्च रु.१८ अर्ब ६५ करोड ३५ लाख, पूँजीगत खर्च रु.१७ अर्ब १० करोड ६५ लाख, वित्तीय व्यवस्था रु.१ करोड र स्थानीय तह अनुदान रु.४ अर्ब ७० करोड ७२ लाख रहेको छ।

३. चालु आर्थिक वर्षको पहिलो त्रैमासिकसम्म प्रदेश सरकारको कुल खर्चमध्ये सबै भन्दा बढी असोज महिनामा रु.१ अर्ब ९४ करोड ३७ लाख खर्च भएको छ भने सबैभन्दा कम खर्च श्रावण महिनामा भएको छ।

**तालिका (ख) आ.व.२०८२/८३ असोजसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)**

| शीर्षक/महिना | श्रावण | भदौ | असोज | जम्मा | वार्षिक बजेट | पहिलो त्रैमासिक खर्च % |
|---|---|---|---|---|---|---|
| चालु खर्च | ८१२ | ५४५४ | ६७०६ | १२९७२ | १३९४५५ | ९.३०% |
| पूँजीगत खर्च | १६ | १३४१ | ५५१८ | ६८७५ | १७१२१८ | ४.०२% |
| स्थानीय तह अनुदान | ० | ११९५ | ७२१३ | ८४०८ | ४७१२५ | १७.८४% |
| वित्तीय व्यवस्था | ० | ० | ० | | १००० | - |
| **जम्मा खर्च** | ८२८ | ७९९० | १९४३७ | २८२५५ | ३५७७९८ | ७.९०% |
| मासिक खर्चभार | ०.०३ | ०.२८ | ०.६९ | १.०० | | |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## राजस्व तथा अनुदान प्राप्ति

४. वि.सं. २०८२ असोज मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.२ अर्ब २० करोड ८ लाख (वार्षिक लक्ष्यको १२.१%) राजस्व संकलन वा प्राप्ति भएको छ। यसैगरी संघीय अनुदान मार्फत जम्मा रु.३ अर्ब ५३ करोड ४७ लाख (वार्षिक लक्ष्यको २४.४%) निकासा प्राप्त भएको छ। आ.व.२०८२/८३ को प्रथम त्रैमासिकसम्म प्रदेश सञ्चितकोषमा राजस्व र अनुदान गरी जम्मा रु.५ अर्ब ७३ करोड ५५ लाख (वार्षिक लक्ष्यको १७.५%) प्राप्ति भएको छ।

५. गत आ.व. २०८१/८२ असोजसम्मको तुलनामा चालु आ.व.को असोजसम्म प्रदेशको कुल आन्तरिक राजस्व संकलन १६.२ प्रतिशतले ऋणात्मक रहेको छ, भने अनुदान प्राप्तिमा ०.७ प्रतिशतले वृद्धि भएको छ। गत आ.व.२०८१/८२ मा वित्तीय हस्तान्तरण मार्फत अनुदानको रुपमा रु.३ अर्ब ५१ करोड ३ लाख प्राप्त भएकोमा चालु आ.व.२०८२/८३ मा उल्लेखित वित्तीय हस्तान्तरण मार्फत रु.३ अर्ब ५३ करोड ४७ लाख प्राप्ती भएको छ उक्त प्राप्ति वार्षिक लक्ष्यको २४.४ प्रतिशत रहेको छ।

**तालिका (ग) कोशी प्रदेशको सञ्चित कोषमा राजस्व तथा अनुदान प्राप्तिको तुलनात्मक विवरण (रु.लाखमा)**

| शीर्षक/महिना | चालु आ.व. २०८२/८३ को | | | | | | गत आ.व.२०८१/८२ असोज सम्मको प्राप्ति | गतको तुलनामा चालु वर्षको वृद्धि |
|---|---|---|---|---|---|---|---|---|
| | श्रावण | भदौ | असोज | असोजसम्मको जम्मा प्राप्ति | वार्षिक लक्ष्य | प्रथम त्रैमासिक प्रगति % (वार्षिक लक्ष्यको तुलना) | | |
| घर जग्गा रजिष्ट्रेसन दस्तुर | ०.० | ९६.१ | १००५.० | ११०१.१ | १५०००.० | ७.३ | २४६५.७ | -५५.३ |
| बाँडफाँड भइ प्राप्त हुने सवारी साधन कर | ०.० | ११२७.१ | ९३६.२ | २०६३.३ | १८४००.० | ११.२ | ११०७.२ | ८६.४ |
| बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | १.९ | ०.० | ०.० | १.९ | ३०.० | ६.४ | ०.५ | २६४.२ |
| बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ३.६ | | ०.० | ३.६ | ६५.० | ५.६ | १७.९ | -७९.७ |
| व्यवसायले भुक्तान गर्ने | ०.० | ०.० | ०.० | ०.० | १.० | १.० | ०.२ | -९३.३ |
| सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ०.७ | ०.८ | ०.१ | १.६ | ४.० | ३९.८ | ०.४ | २९७.५ |
| बाँडफाँटबाट प्राप्त दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने आय | ३०.५ | ४.३ | १५.१ | ४९.९ | ४९३१.० | १.० | ६१.० | -१८.२ |
| कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | १.४ | २.० | १.३ | ४.७ | ६०.० | ७.८ | ६.५ | -२८.० |
| सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त रकम | ०.१ | ०.० | ०.० | ०.१ | ५.० | २.६ | १.० | -८७.५ |
| अन्य सेवा शुल्क तथा विक्री | ६८.१ | ११०.८ | २७.८ | २०६.८ | १०००.० | २०.७ | ०.३ | ७६४७७.८ |
| शिक्षा क्षेत्रको आम्दानी | ०.३ | ०.३ | ०.२ | ०.९ | १०.० | ८.५ | १.३ | -३४.६ |
| परिक्षा शुल्क | ०.२ | ०.५ | ५.८ | ६.६ | १२५०.० | ०.५ | १२.७ | -४८.० |
| यातायात क्षेत्रको आम्दानी | ८०.५ | ६७.८ | २३.३ | १७१.५ | १०००.० | १७.२ | १८४.७ | -७.१ |
| अन्य प्रशासनिक सेवा शुल्क | ९७.६ | ८३.५ | ४४.८ | २२५.८ | ६००.० | ३७.६ | १५८.७ | ४२.३ |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | ७१.६ | ७६.२ | ४६.५ | १९४.३ | ९००.० | २१.६ | २५६.९ | -२४.४ |
| चालक अनुमति पत्र,सवारी दर्ता किताव सम्बन्धि दस्तुर | ४८४.४ | ३८३.० | ५३.९ | ९२१.४ | ८०००.० | ११.५ | १३०५.३ | -२९.४ |

| शीर्षक/महिना | चालु आ.व. २०८२/८३ को | | | | | | गत आ.व.२०८१/८२ असोज सम्मको प्राप्ति | गतको तुलनामा चालु वर्षको वृद्धि |
|---|---|---|---|---|---|---|---|---|
| | श्रावण | भदौ | असोज | असोजसम्मको जम्मा प्राप्ति | वार्षिक लक्ष्य | प्रथम त्रैमासिक प्रगति % (वार्षिक लक्ष्यको तुलना) | | |
| वन क्षेत्रको अन्य आय | ०.० | ०.१ | १.६ | १.७ | ३००.० | ०.६ | १२९.७ | -९८.७ |
| प्रशासनिक दण्ड,जरिवाना र जफत | ०.५ | ६.९ | १.३ | ८.७ | ५०.० | १७.३ | २.६ | २३३.१ |
| धरौटी सदर स्यहा | ०.० | ०.० | १.० | १.० | १०.० | १०.२ | १७.१ | -९४.० |
| अन्य राजश्व | १.० | ०.४ | ५.१ | ६.५ | ३०.० | २१.६ | ०.४ | १७५१.४ |
| वेरुजु | १७.२ | ४२.८ | १८.७ | ७८.८ | ८००.० | ९.८ | २२४.० | -६४.८ |
| निकासा फिर्ता | ६.९ | ०.० | ०.० | ६.९ | ५००.० | १.४ | ३८.३ | -८२.० |
| अनुदान फिर्ता | ०.० | ३.७ | ०.० | ३.७ | २०००.० | ०.२ | ५४.८ | -९३.३ |
| विविध प्राप्ति | ३.५ | ०.३ | ०.२ | ४.० | ५४.० | ७.४ | ० | |
| आन्तरिक राजस्व जम्मा | ८७०.१ | २००६.६ | २१८८.० | ५०६४.७ | ५५०००.० | ९.२ | ६०४७.२ | -१६.२ |
| संघीय राजस्व बाँडफाँट (मू.अ.कर, अन्तःशुल्क र रोयल्टी) | ०.० | ८८०१.२ | ८१४२.२ | १६९४३.४ | १२७४६६.० | १३.३ | १५६७३.२ | ८.१ |
| जम्मा राजस्व | ८७०.१ | १०८०७.८ | १०३३०.२ | २२००८.१ | १८२४६६.० | १२.१ | २१७२०.४ | १.३ |
| समानीकरण अनुदान | ०.० | २२४५८.५ | ०.० | २२४५८.५ | ८९८३४.० | २५.० | २२३५८.० | ०.४ |
| सशर्त अनुदान | ०.९ | ७.१ | ९७४९.२ | ९७५७.२ | ४५७१०.० | २१.३ | ८२९५.१ | १७.६ |
| समपूरक अनुदान | ०.० | ०.० | १२९२.६ | १२९२.६ | ३९१७.० | ३३.० | २१६१.५ | -४०.२ |
| विशेष अनुदान | ०.० | ०.० | १८३८.८ | १८३८.८ | ५५७२.० | ३३.० | २२८८.८ | -१९.७ |
| जम्मा अनुदान | ०.९ | २२४६५.६ | १२८८०.६ | ३५३४७.१ | १४५०३३.० | २४.४ | ३५१०३.४ | ०.७ |
| कुल राजस्व र अनुदान | ८७१.० | ३३२७३.४ | २३२१०.८ | ५७३५५.२ | ३२७४९९.० | १७.५ | ५६८२३.८ | ०.९ |
| अन्य मौज्दात | ०.० | ०.० | ०.० | ०.० | ३१३००.० | ०.० | ०.० | |
| वैदेशिक अनुदान सोझै भुक्तानी | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | |
| कुल आय | ८७१.० | ३३२७३.४ | २३२१०.८ | ५७३५५.२ | ३५८७९९.० | १६.० | ५६८२३.८ | |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*